नेपाल

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९

# बोलपत्र आव्हान सम्वन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०।०१।१७

यस इटहरी उपमहानगरपालिका अन्तर्गत वडा नं. ९ मा संचालित इटहरी अस्पतालको सेवा प्रवाहलाई स्तरोउन्नती गरी अझ व्यवस्थित, गुनासो रहित बनाउन नगर स्वास्थ्य समितिको मिति २०८०।०१।१० गतेको निर्णय अनुसार उक्त अस्पतालमा २४ सै घन्टा फार्मेसी सेवा प्रदान गर्न अति आवश्यक भएको सन्दर्भमा अस्पतालमा आउने आम नागरिक र स्वास्थ्य विमा कार्यक्रमा विमा दर्ता भएका सेवाग्राहीलाई चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले सिफारिस गरेका आवश्यक औषधि तथा औषधिजन्य सामाग्रीहरु नियमित,सहज र सरल रुपमा उपलब्ध हुनेगरी विक्रि वितरण सेवा प्रदान गर्न अति आवश्यक भएको र हाललाइ नीजि क्षेत्र संगको सहकार्यमा व्यवस्थान गर्ने निर्णय भए अनुसार अस्पताल फार्मेसी सेवा लाई २४ सै घन्टा सेवा प्रवाह गर्न सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार बोलपत्र आव्हान गरी स्वीकृत बोलपत्रदाता संग हुने ठेक्का सम्झौताको आधारमा सेवा प्रदान गर्ने गरी र देहाय बमोजिमका शर्तहरु कायम हुनेगरी अस्पतालले उपलब्ध गराएको कक्षवाट सेवा संचालन गर्न इच्छुक बोलपत्रदाहाहरुलाई यो सूचना प्रकाशन भएको ३० दिन भित्र शिलवन्दि बोलपत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

## शर्तहरु :

१. यो सूचना प्रकाशित भएको मितिले ३०औ दिन सम्म बोलपत्र फारम विक्रि वितरण हुनेछ र ३१ औ दिनको १२.०० बजे सम्म विक्रि भइसकेको शिलवन्दि बोलपत्रहरुको दर्ता कायम हुनेछ ।
२. बोलपत्र खरिद गर्न आउदा रु.१० को टिकट टासेको निवेदन साथ सम्वन्धित कार्यको फर्म कम्पनी दर्ता नविकरण, औषधि व्यवस्था विभागको इजाजत पत्र, आयदर्ता आ.व.२०७८।७९को करचुक्ता, नागरिकताको प्रमाण पत्र र बोलपत्र वापतको राजश्व रकम रु.३०००।- (तिनहजारमात्र) इटहरी उपमहानगरपालिकाको आन्तरिक राजश्व खाता नं. ०५९०३००००३००००००००१ मा फिर्ता नहुने गरी जम्मा गरेको भौजर समेत पेश गर्नुपर्ने छ ।
३. बोलपत्रदाताले बोलपत्र फारम खरिद गर्दा सम्वन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत,कार्यालयको छाप लागेको बोलपत्र फारम खरिद गर्नुपर्ने छ । आधिकारिक दस्तखत नभएको र कार्यालयको छाप नभएको बोलपत्र मान्य हुने छैन ।
४. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खुल्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु सोको भोलिपल्ट सम्म कायम हुनेछ ।
५. म्याद भित्र दर्ता हुन आएको बोलपत्र फारमहरु ३१ औ दिनको २.०० बजे पछि कार्यालयका प्रतिनिधिहरु र बोलपत्र पेशकर्ताहरु वा निजको प्रतिनिधिहरुको राहोवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र पेशकर्ता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

प्रमुख प्रशासकिय अधिकृत

इटहरी उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
इटहरी, सुनसरी
कोशी प्रदेश
नेपाल
०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९

६.फार्मेसी संचालन गर्न इटहरी अस्पताल परिसर भित्र हाल संचालनमा रहेको १४*१६ फिटको को औषधि विक्रि वितरण कक्ष इटहरी अस्पतालले उपलब्ध गराउने छ ।

७. फार्मेसी सेवा २४ सै घन्टा संचालन गर्नुपर्ने छ ।

८. स्वास्थ्य वीमा गरिएका सेवाग्राहीहरुका लागि वीमा वोर्डले निर्धारण गरेको मुल्यमा तोकीएका औषधि तथा औषधिजन्य सामाग्रीहरु उपलब्ध गराउनुपर्ने छ र सोको सोधभर्ना विमा वोर्डको नियमअनुसार हुनेछ।

९. वीमा वोर्डले निर्धारण गरेको बाहेकको हकमा औषधिमा कायम रहेको अधिकतम खुद्रा मुल्य (MRP) को अनिवार्य रुपमा घटिमा पाँच प्रतिशत छुट दिई विक्रि वितरण गर्नुपर्ने छ ।

१०. हाल इटहरी अस्पतालमा निशुल्क औषधिको लिष्ट वाहेकका मौजुदा रहेका र ठेक्का प्रकृयामा रहेका विमा वोर्डले निर्धारण गरेको औषधि तथा औषधिजन्य सामाग्रीहरु अस्पतालले खरिद गरेको मुल्यको आधारमा स्वीकृत बोलपत्रदाताले लिनु पर्ने छ ।

११. फार्मेसी संचालनको लागि आवश्यक लगानी, जनशक्ति, फर्निचर , इन्टेरियर व्यवस्थापन तथा अन्य व्यवस्थापन तोकीएको कोठा वा भवनको स्वरुपमा फरक नपर्ने गरी कार्यालयको पुर्व अनुमति लिई स्वीकृत बोलपत्रदाताले नै गर्नुपर्ने छ ।

१२.सम्झौता अवधि बढीमा ३ वर्षको हुनेछ ।

१३. फार्मेसी सेवामा प्रयोग भएको विद्युत महशुल , फोहरमैला व्यवस्थापन तथा आवश्यक मर्मत सम्भार खर्च स्वीकृत बोलपत्रदाताले नै व्यहोर्नुपर्ने छ ।

१४. यो सूचना प्रकाशित भएपछि इच्छुक बोलपत्रदाताले

१५. औषधि विक्रि वितरण कक्ष उपलब्ध गराए वापत बोलपत्रदाताले इटहरी अस्पताललाई तिर्नुपर्ने वार्षिक न्युनतन कवोल अंक रकम रु. ४९,०००००/-(अक्षरुपी रु. उनन्पचास लाख मात्र) कायम गरिएको छ ।

१६. वोलपत्रपत्रदाताले आफुले कबोल गरेको कबोल रकमको २.५%(पाँच प्रतिशत)ले हुने रकम तोकिएको वैक खातामा जम्मा गरेको भौचर वा "क" वर्गको बैकखाता वाट बोलपत्र नं. ...उल्लेख गरी यस कार्यालयको नाउमा जारी गरेको कम्तिमा १२० दिन सम्म म्याद भएको रित पूर्वकको बोलपत्र जमानत (Bid Band) पेश गर्नु पर्ने छ ।

१७. बोलपत्र स्वीकृत भए पश्चात पत्र बुझेको वा सूचना प्रकाशन भएको वा आधिकारिक इमेलमा पत्र पठाएको १५ दिन (पन्ध्र) भित्र सम्झौता गर्न नआएमा बोलपत्र जमानत बापतको सम्पुर्ण धरौटी रकम जफत गरी बोलपत्रदातालाई कालो सूचिमा राख्न सकिने छ ।

१८. सेवा प्रदायक बोलपत्रदाताले संम्झौता अवधिको विचमा काम छोड्न चाहेमा कम्तिमा तिन महिना अगावै लिखित रुपमा पूर्व जानकारी कार्यालयलाई दिनुपर्ने छ। संम्झौता अवधि अगावै काम छोड्दा उक्त कार्यका लागि राखिएको कार्यसम्पादन जमानत जफत हुनेछ ।

१९. सम्झौका सर्तहरु बारम्बार उल्लघन गरेमा पहिलोपटक सुझाव दिने, दोश्रो पटक लिखित रुपमा स्पष्टिकरण माग सहित सचेत गराउन सक्ने र तेश्रो पटकमा सोही प्रकृया दोहोर्याएमा सम्झौता रद्द गरी कार्यसम्पादन जमानत रकम जफत गरी कालो सूचिमा समेत राख्न सक्नेछ ।

प्रमुख प्रशासकिय अधिकृत

इटहरी उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
इटहरी, सुनसरी
कोशी प्रदेश,
नेपाल

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९

२०. कवोल भइ स्वीकृत भएको वार्षिक तिनुपर्ने रकम सम्झौता भएको १ वर्ष सम्म कायम हुने र दोश्रो वर्ष सम्झौता रकममा पाँच प्रतिशत र तेश्रो वर्ष सात प्रतिशतले प्रत्येक वर्ष वृद्धि गरिने छ ।

२१. कवुल भई सम्झौता वमोजिमको रकमलाई मासिक रुपमा विभाजन गरि सेवाप्रदायक (स्वीकृत बोलपत्रदाता) ले मासिक रुपमा इटहरी अस्पतालको आन्तरिक आम्दानी खातामा रकम जम्मा गरि दिनु पर्ने छ। चौमासिक किस्तामा बुझाउन चाहने सेवाप्रदायक (स्वीकृत बोलपत्रदाता)को हकमा तिन किस्तामा निम्नानुसार सम्पुर्ण रकम बुझाउनु पर्ने छ ।

- प्रथम किस्ता सम्झौता पुर्व कबोल रकम (सम्पुर्ण कर बाहेक) को ४० प्रतिशत, दोश्रो किस्ता चैत्र मसान्त भित्र ३० प्रतिशत र तेश्रो किस्ता जेष्ठ मसान्त सम्म ३० प्रतिशत बुझाउनु पर्ने छ र यसैक्रममा पछिल्ला वर्षहरुमा समेत रकम बुझाउनु पर्ने छ ।

२२. मासिक वा चौमासिक रुपमा रकम बुभाउदा सेवाप्रदायक (स्वीकृत बोलपत्रदाता) ले पहिलो किस्तामै एकमुष्ट वार्षिक कर समेत बुभाउनु पर्ने छ ।

१८. सम्झौता भइसकेपछी प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द, हडताल वा यसै प्रकारको अवस्था सृजना भएमा सम्झौता रकममा कुनै प्रकारको छुट वा मिनाहा माफि दिइने छैन ।

२३. नगरपालिकाले स्वीकृत गरेको Bid Document नै यस प्रयोजनको लागि Standared Bid Document रुपमा मानिने छ ।

२४. बोलपत्रदाताले नगरपालिकाबाट स्वीकृत गरेको BOQ मा अंक र अक्षरमा भरी सहिछाप गरी पेश गर्नुपर्ने छ । तर बोलपत्रदाताले पेश गरेको/भरेको कुनै कागजातमा आफ्नो कबोल अंक उल्लेख भएमा/गरेमा त्यस्तो बोलपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तको आधारमा मुल्यांकन प्रकृयामा लैजान बाधा पुग्ने छैन ।

२५. नगरपालिकाले यस प्रकृयामा भाग लिएका बोलपत्रदाताहरुको तोकिए बमोजिम मुल्यांकन गरी सारभुत रुपमा प्रभावग्राही ठहरीएको अधिकतम कबोल गर्ने बोलपत्रदातालाई सम्झौताको लागि आव्हान गर्ने छ । तोकिएको समयभित्र उल्लेखित बोलपत्रदाता सम्झौता गर्न नआएमा क्रमश दोश्रो र तेश्रो लगाएतका बोलपत्रदातालाई संझौताको लागि पत्रचार गरिनेछ । अधिकतम कवोल गर्ने बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पुर्ण धरौटी बापतको रकम जफत गरी कालो सूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नुको साथै लगत्तै पछिल्लो बोलपत्रदाता र अधिकतम कबोल गर्ने बोलपत्रदाताको विचको फरक रकम समेत अधिकतम रकम कबोलगरी संझौता गर्न नआउने बोलपत्रदाता बाट सरकारी बाकी सरह असुलउपर गरिने छ ।

२६. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन । एक फर्म वा संस्थाले नगरपालिका संग सम्झौता गरी अर्को फर्म वा व्यवसालाई सेवा उपलब्ध गराउने गरी विक्रि वितरण गर्न पाइने छैन ।

२७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस उपमहानगरपालिकामा सिमित रहने छ ।

२८. बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिने छ ।

प्रमुख प्रशासकिय अधिकृत

इटहरी उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
इटहरी, सुनसरी
कोशी प्रदेश
नेपाल

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९

२९. माथि उल्लेखित शर्तहरुको थप प्रष्ठिकरण र व्यवस्था साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु इटहरी उपमहानगरपालिका, सार्वजनिक खरिद ऐन तथा नियमावली तथा प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताविक हुनेछ ।थप जानकारीको लागि इटहरी उपमहानगरपालिकामा संपर्क गर्न सकिनेछ ।

**पेश गर्नु पर्ने कागजातहरु :**

१. बोलपत्रदाताले बोलपत्र खरिद गरेको बैक भौचरको प्रतिलिपि
२. बैक ग्यारेन्टि/बिड बन्डको प्रति वा नगद जम्मा गरेको बैक भौचरको प्रतिलिपि
३. फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
४. औषधि व्यवस्था विभागको इजाजत पत्र ।
५. नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि
६. स्थायि लेखा दर्ता (मु.अ.कर) प्रमाण पत्रको प्रतिलिपी
७. आ.व. २०७८।७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी
८. यस अघि कुनै गैर कानुनी कारोवार नगरको समेत खुलाइएको स्वघोषणा पत्र ।
९. डिप्लोमा इन फार्मेसी गरेका कम्तिमा ३ जना व्यक्तिहरुको शैक्षिक योग्यताको प्रमाणपत्र,स्वास्थ्य व्यवसायि परिषदमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी तथा मन्जुरीनामा पत्र ।
१० अन्य आवश्यक सम्पुर्ण कागजात पेश गर्नुपर्नेछ ।

प्रमुख प्रशासकिय अधिकृत